नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्सः

# मणिरत्न माला

अनुवादक तथा प्रकाशक

## भिक्षु शाक्यानन्द महास्थविर

पाल्पा तानसेन

आनन्द विहार

This Book / Jo... is Donated
To ...Library ... Nepal
By ...
Date ...

बिक्रम सम्बत् २०२६ साल
नेपाल सम्बत् १०९० साल
बुद्ध सम्बत् २५१३ साल
ईस्वी सम्बत् १९६९ साल

सब्ब दानं
धर्म दानं
ज्ञान दानं
विद्या दानं
जिनाति

439

प्रथम संस्करण १००० प्रति मूल्य-

मिति ३/१/२०२६

https://dhamma.digital

नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

# मणिरत्न माला

## प्रश्न उत्तर

प्र० संसारलाई केले बाँधिएको छ ?

उ० रूप, शब्द, गन्ध, रस, स्पर्श पञ्चकाम गुण विषयले बाँधिएको छ ।

प्र० मुक्ति केलाई भन्दछ ?

उ० रूप, शब्द, गन्ध, रस, स्पर्श, पञ्चकाम गुण विषय बाट बिरक्त हुनु ।

प्र० नरक केलाई भन्दछ ?

उ० देह, शरीरलाई नरक भन्दछ ।

प्र० स्वर्ग केलाई भन्दछ ?

उ० तृष्णा नाश हुनु स्वर्ग हो ।

प्र० नरकको द्वार के हो ?

उ० स्त्री आइमाई संग काम, राग प्रति झुल्नु हो ।

प्र० स्वर्ग जाने बाटो के हो ?

उ० अहिंसा प्राणिहरूलाई दुःख न दिनु हो ।

प्र० शत्रु के हो ?

उ० चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, मन इत्यादि इन्द्रिय शत्रु हो ।

प्र० मित्र के हो ?

उ० आँखा, कान नाक, जिब्रो, शरीर, मन इन्द्रियलाई जित्नु नै मित्र हो ।

https://dhamma.digital

प्र० दरिद्र के हो ?

उ० धेरै तृष्णा गर्नु र असन्तोष हुनु दरिद्र हो ।

प्र० धनी के हो ?

उ० लोभ न गर्नु सन्तोष हुनु धनी हो ।

प्र० संसारमा बन्धन के हो ?

उ० गृहस्थाश्रम, वर्णाश्रम, सन्याश्रमको, ममता, अभिमान बन्धन हो ।

प्र० ठूलो अन्धा के हो ?

उ० काममिध्याचार, पर स्त्री गमन गर्नु हो ।

प्र० ठूलो गहना के हो ?

उ० उत्तम स्वभाव, सुशीलता, शीलवन्त हुनु ।

प्र० ठूलो तीर्थ के हो ?

उ० आफ्नो मन शुद्ध गर्नु हो ।

प्र० ठूलो त्याग के हो ?

उ० कनक, सुवर्ण र कान्ता, स्त्री आइमाई ।

प्र० ठूलो रोग के हो ?

उ० चिन्ता र मानसिक, पीडा ।

प्र० जगत् कसले जित्यो ?

उ० मनलाई जित्नु नै जगम् संसार जित्नु हो ।

प्र० धन्यबाद के हो ?

उ० पर उपकार गर्नु ।

प्र० संसारमा के नगर्नु ?

उ० हिंसा, चोरी, व्यविचार, झूठ, निन्दा, कथोर वचन,

https://dhamma.digital

बकवाद, लोभ, द्वेष, मिथ्यादृष्टि काम नगर्नु ।

प्र० बन्धन के हो ?

उ० स्त्री, आइमाईहरूको मोहमा फँस्नु बन्धन हो ।

प्र० संसारमा उत्तम के हो ?

उ० असली आचरण र शील, समाधि, प्रज्ञा हो ।

प्र० ठूलो शत्रु के हो ?

उ० क्रोध, असत्य, लोभ तृष्णा हो ।

प्र० दुःखको मूल के हो ?

उ० अविद्या र तृष्णा हो ।

प्र० उत्तम दान के हो ?

उ० अभयदान, धर्मदान, ज्ञानदान, र विद्यादान हो ।

प्र० मोक्ष के हो ?

उ० मनको चंचलता नाश हुनु र मनको निरोध गर्नु मोक्ष हो ।

प्र० भय नहुने ठाउँ के हो ?

उ० मुक्ति, निर्वाण, असंखत धातु हो ।

प्र० ठूलो दुःख के हो ?

उ० आफ्नो मूर्खता र अज्ञानता हो ।

प्र० सेवा केको गर्नु ?

उ० गुरुजन, आमा, बाबु र बृद्ध जनहरूको ।

प्र० अहिंसा भनेको के हो ?

उ० मन, बाणी, शरीर बाट कसैलाई दुःख न दिनू ।

प्र० बन्धु कसलाई भन्दछ ?

उ० दुःख र विपत्तिमा सहायता दिने ।

https://dhamma.digital

प्र० आमा र बाबु कसलाई भन्दछ ?

उ० जस्ले पालन पोषण गर्दछ उसैलाई आमा बाबु भन्दछन् ।

प्र० संसारमा ठूलो पशु कसलाई भन्दछ ?

उ० धर्मशास्त्र पढ़ेर पनि धर्म नगर्ने ।

प्र० उत्तम दान के हो ?

उ० सुपात्र, सुशीललाई दान दिनू ।

प्र० अमृत तुल्य विष के हो ?

उ० स्त्री, आइमाई हो ।

प्र० मित्र सदृश शत्रु के हो ?

उ० पुत्र, पुत्री, स्त्री आदि हो ।

प्र० रात दिन विचार गर्नु कसलाई ?

उ० संसारको मिथ्यापनलाई विचार गरी हटाउनु ।

प्र० मिथ्या दृष्टि कसलाई भन्दछन् ?

उ० सत्काय दृष्टि, सास्वत दृष्टि, उच्छेद दृष्टिलाई मिथ्या दृष्टि भन्दछन ।

प्र० सत्काय दृष्टि कसलाई भन्दछन् ?

उ० आफ्नो न भएको चीज बस्तुलाई म, मेरो, मेरो आत्मा भनी घमण्ड गर्नुनै सत्काय दृष्टि हो ।

प्र० सास्वत दृष्टि कसलाई भन्दछ ?

उ० अनित्यरूपी आत्मालाई नित्य सम्झनुनै सास्वत दृष्टि हो ।

प्र० उच्छेद दृष्टि कसलाई भन्दछ ?

उ० लोभ, राग, द्वेष, मोह, अविद्या, तृष्णा, संस्कार, क्लेश हुँदा हुँदै पनि पुनर जन्म छैन, अर्को जन्म लिनु पर्दैन

https://dhamma.digital

भन्नुनै उच्छेद दृष्टि हो ।

प्र० अधिक प्रबल विष के हो ?

उ० रूप, शद्व, गन्ध रस, स्पर्श इत्यादि विषय ।

प्र० निरन्तर दुःखी को हो ?

उ० रूप, शद्व, गन्ध, रस, स्पर्श इत्यादि विषयमा प्रीति गर्ने ।

प्र० लोक, धर्म केलाई भन्दछन् ?

उ० लाभ अलाभ यस अयस निन्दा प्रशंसा सुख र दुःख लाई लोक धर्म भन्दछन् ।

प्र० आर्य धन केलाई भन्दछन ?

उ० श्रद्धा, शील, लज्या, भय, त्याग, बहुश्रुत, प्रज्ञालाई आर्य धन भन्दछन् ।

प्र० पशु केलाई भन्दछ ?

उ० विद्या नजान्ने अथवा मूर्खलाई पशु तुल्य भन्दछन् ।

प्र० कस्को संगत नगर्नु ?

उ० मूर्ख पापी अज्ञानीको संगत नगर्नु ।

प्र० हलुंगो चीज के हो ?

उ० माग्नु हलुंगो हुनु हो ।

प्र० ठूलो हुनु के हो ?

उ० न माग्नु मागेर अरूलाई दुःख न दिनु ।

प्र० लाटो केलाई भन्दछ ?

उ० समयानुसार कुरा गर्न न जान्ने ।

प्र० बहिरा केलाई भन्दछ ?

उ० सत्य हितकर कुरा न सुन्ने ।

प्र० मुखको शोभा के हो ?

उ० परमार्थ विद्या जान्नु विद्वान हुनु हो ।

https://dhamma.digital

# संयुक्त निकाय

## अभिनन्दन सुत्र

१ हे भिक्षु हो ! जस्ले आँखालाई प्रशंसा गर्छ, उनले दुःख लाई प्रशंसा गरेको हुन्छ । जस्ले दुःख लाई प्रशंसा गर्छ, त्यो दुःख बाट मुक्त हुन सक्दैन ।

२ हे भिक्षु हो ! जस्ले कानलाई प्रशंसा गर्छ, उनले दुःख लाई प्रशंसा गरेको हुन्छ, जस्ले दुःख लाई प्रशंसा गर्छ, त्यो दुःख बाट मुक्त हुन सक्दैन ।

३ हे भिक्षु हो ! जस्ले नाकलाई प्रशंसा गर्छ, उनले दुःख लाई प्रशंसा गरेको हुन्छ, जस्ले दुःख लाई प्रशंसा गर्छ, त्यो दुःख बाट मुक्त हुन सक्दैन ।

४ हे भिक्षु हो ! जस्ले जिब्रोलाई प्रशंसा गर्छ, उनले दुःख लाई प्रशंसा गरेको हुन्छ, जस्ले दुःख लाई प्रशंसा गर्छ, त्यो दुःख बाट मुक्त हुन सक्दैन ।

५ हे भिक्षु हो ! जस्ले शरीरलाई प्रशंसा गर्छ, उनले दुःख लाई प्रशंसा गरेको हुन्छ, जस्ले दुःख लाई प्रशंसा गर्छ, त्यो दुःख बाट मुक्त हुन सक्दैन ।

६ हे भिक्षु हो ! जस्ले मनलाई प्रशंसा गर्छ, उनले दुःख लाई प्रशंसा गरेको हुन्छ, जस्ले दुःख लाई प्रशंसा गर्छ, त्यो दुःख बाट मुक्त हुन सक्दैन ।

७ हे भिक्षु हो ! जस्ले आँखालाई प्रशंसा गर्दैन, उनले दुःख लाई प्रशंसा न गरेको हुन्छ । जस्ले दुःख लाई प्रशंसा गर्दैन, त्यो दुःख बाट मुक्त हुन सक्छ ।

https://dhamma.digital

८ हे भिक्षु हो ! जस्ले कान, नाक, जिभ्रो, शरीर, मनलाई प्रशंसा गर्दैन, उनले दुःख लाई प्रशंसा न गरेको हुन्छ। जस्ले दुःखलाई प्रशंसा गर्दैन, त्यो दुःखबाट मुक्त हुन सक्छ।

९ हे भिक्षु हो ! जस्ले रूप, शद्व, गन्ध, रस, स्पर्श, धर्मलाई प्रशंसा गर्छ, उनले दुःखलाई प्रशंसा गरेको हुन्छ। जस्ले दुःखलाई प्रशंसा गर्छ । त्यो दुःख बाट मुक्त हुन सक्दैन।

१० हे भिक्षु हो ! जस्ले रूप, शद्व, गन्ध, रस, स्पर्श, धर्म * लाई प्रशंसा गर्दैन, उनले दुःखलाई प्रशंसा न गरेको हुन्छ। जस्ले दुःखलाई प्रशंसा गर्दैन, त्यो दुःख बाट मुक्त हुन सक्छ।

Dhamma.Digital

* धर्मको अर्थ = वेदना, संज्ञा, संस्कारलाई लिन्छ।

मुद्रक– तिलक प्रेस तानसेन

https://dhamma.digital